

# बजार अवलोकन ४३

असार, २०६९

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द

उपभोक्ता हित संरक्षण मञ्च

WFP

wfp.org

FNCCI

## मुख्य बुँदाहरु

- ***२०६९ असार अवधिमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको राष्ट्रिय औसत मूल्य सापेक्षित रुपमा स्थिर रहयो । यद्यपि, अन्य बजारहरुको तुलनामा बाजुरा जस्ता हिउँदे सडकले जोडिएका बजारहरुमा उच्चत्तम् मूल्य बृद्धि भएको पाइयो ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा २०६९ जेठमा प्रकाशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदन अनुसार खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १४.३ प्रतिशत बृद्धिको तुलनामा ९.९ प्रतिशतमा कायम रहयो ।***
- ***विशेष गरी मेची, राप्ती र कर्णाली राजमार्गका विभिन्न भागमा मनसुनी वर्षा संगसंगै गएको पहिरोका कारण यातायात सुविधा आंशिक रुपमा अवरुद्ध भएको छ जसले आपूर्ति अवस्थामा वाधा पुऱ्याउने अनुमान छ ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि बिकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमति रुपमा अनुगमन गरिने बजारहरुमा गत एक महिनामा प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरु सापेक्षित रुपमा स्थिर रहेको पाइयो । मोटा चामलको औसत मूल्य २.९ प्रतिशतका दरले बृद्धि भई प्रति किलो रु. ३४.३ भयो भने गहुँको पिठोको मूल्य प्रति किलो रु. ३५.८ मा कायमै रहयो । भटमासको तेल र आलुको मूल्य क्रमशः २.९ प्रतिशत र २.७ प्रतिशतका दरले बृद्धि भई क्रमशः प्रति लिटर रु. १४३.७ र प्रति किलो रु. ३४.६ भयो । यद्यपि, मास र मुसुरोको मूल्यमा भने ०.४ प्रतिशतका दरले कमि आई प्रति किलो रु. १०७.५ र ९४.० भयो । २०६८ चैत्रको तुलनामा मूल्यहरुले बढ्दो प्रवृत्ति देखाए भने २०६८ असारको तुलनामा अपवादस्वरुप खाने तेल र रातो आलु बाहेक प्राय खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृत्तिको संकेत गरे ।

क्षेत्रीय बजार अन्तर्गतका सम्पूर्ण बजारहरुमा मोटा चामलको मूल्यले बढ्दो प्रवृत्ति देखायो । मुख्य उपभोक्ता बजार र सडक पहुँच नभएका पहाडी तथा हिमाली बजारहरुमा गहुँको पिठोको मूल्यले घट्दो प्रवृत्ति देखायो भने तराईका बजारहरुमा यसले बढ्दो प्रवृत्ति देखायो । उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा खुद्रा मूल्यहरुले बढ्दो प्रवृत्ति देखाए ।

तराई र पहाडी तथा हिमाली बजारहरुको तुलनामा काठमाडौंको बजारमा विशेष गरी तरकारीहरुको मूल्यमा गत मनसुनी वर्षायामको समयमा भन्दा बढी उतार चढाव आएको पाइयो । उदाहरणका लागि, गत एक महिनामा कालीमाटी फलफूल तथा तरकारी बजारमा गोलभेडा, तीतेकरेला र सुकेको प्याजको मूल्य १२ प्रतिशत भन्दा बढीका दरले बृद्धी भयो भने बन्दाकोपी र रामतोरीयाको मूल्यमा १५ प्रतिशत भन्दा बढीका दरले कमी आयो ।

नेपाल राष्ट्र बैंक द्वारा हालै प्रकाशित समग्र (Macro) आर्थिक अवस्थाको प्रतिवेदन अनुसार, २०६९ असार महिनामा वार्षिक मूल्य स्फीति गत वर्ष यही समयको ८.८ प्रतिशतको तुलनामा ९.९ प्रतिशतका दरले बृद्धि भयो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १४.३ प्रतिशत बृद्धिको तुलनामा ९.९ प्रतिशतमा कायम रहयो । यातायातको मूल्य सूचकाङ्क गत वर्ष यही समयमा भएको ११.० प्रतिशत बृद्धिको तुलनामा १७.० प्रतिशतका दरले बृद्धि भयो ।

### आपूर्ति

मनसुनी वर्षाका कारण आएको पहिरोले गर्दा पहाडी तथा हिमाली बजारहरुसम्म पुग्ने धेरै आपूर्तिका सडकमार्गहरु (उदाहरणका लागि, सल्यान देखि रुकुम सम्म र झापा देखि ताप्लेजुङ सम्म) आंशिक रुपमा अवरुद्ध भएका छन् । यसैगरी, कर्णाली क्षेत्र र सुदूर पश्चिमी पहाडी तथा हिमाली क्षेत्रका जिल्लाहरु तर्फ जाने सडकमार्गहरुमा मनसुनी वर्षाको पानीले गर्दा पूलेसो जस्ता अस्थाई पूलहरुमा नदीको सतह बढ्नाले समयसमयमा क्षतीग्रस्त भई यातायातमा वाधा पुगेको छ, जसले गर्दा खाद्य बस्तुहरुको ढुवानी लागतका साथै ढुवानीमा लाग्ने समयमा बृद्धि भएको छ । यसले यस क्षेत्रको खाद्यान्न आपूर्तिमा प्रभाव पारी खाद्य बस्तुहरुको मूल्य बृद्धि गराउने अनुमान छ । यसलाई निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान

ईन्धनको मूल्य बृद्धिको फलस्वरुप सरकारले सार्वजनिक यातायातको भाडादर बढाएको छ, जस अन्तर्गत ट्रकहरुको भाडादर तराई क्षेत्रमा ४.४५ प्रतिशतका दरले र पहाडी क्षेत्रमा ४.५० प्रतिशतका दरले बढ्ी भएको छ । यसले खाद्य बस्तुहरुको ढुवानी लागतमा बृद्धि गराउने हुनाले मुख्यत पहाडी तथा हिमाली क्षेत्रमा खाद्य बस्तुहरुको मूल्यमा बृद्धि हुने अनुमान छ ।

वर्षे बालीका लागि यस वर्ष खासै अनुकूल मौसम भएन । ढिलो र अपर्याप्त मनसुनी वर्षाका कारण देशभर धान रोपाइ र हुर्कीदै गरेको मकै बाली प्रभावित भयो, जसका कारण गत वर्षको तुलनामा यस पटक वर्षे बालीको उत्पादन पूर्वानुमान प्रतिकूल भएको संकेत गरेको छ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/के जि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| तोरीको तेल | १७९.५ | ६.८ | बाली भित्र्याउने मौसम नभएको हुनाले आपूर्तिमा कमी आएको । |
| तरकारीहरु (गोलभेडा, सुकोको प्याज र पालुङ्गो) | विभिन्न | १२ देखि ३० | बाली भित्र्याउने मौसम नभएको र चाडै बिग्रने हुनाले आपूर्तिमा कमी आएको । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६९ असार महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-४३

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- असार, २०६९

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३७.० | २.८ | ५.७ | ५.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -२.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४३.० | ५.९ | ७.५ | १६.३ | ▲ | ▶ | ▲ |
| | कुखुराको मासु | २४५.० | ०.० | २.१ | १४.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १७७.० | २३.८ | ३१.१ | ३६.२ | ▲ | ▲ | ▲ |
| | मास | ११०.० | ४.८ | ४.८ | ४.८ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | २४.१ | २४.१ | -१.९ | ▲ | ▲ | ▶ |
| | आलु | ३५.० | १२.९ | ५९.१ | ७५.० | ▲ | ▲ | ▲ |
| पोखरा | मोटा चामल | ४२.० | ०.० | -४.५ | -४.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | -२.९ | ३.० | -१०.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५६.० | ८.३ | १८.२ | ३०.० | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | ३००.० | ११.१ | -३.२ | १५.४ | ▲ | ▶ | ▲ |
| | तोरीको तेल | १६६.० | ३.८ | ७.१ | १८.६ | ▶ | ▶ | ▲ |
| | मास | ११५.० | ०.० | ९.५ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९५.० | २.२ | १०.५ | ०.० | ▶ | ▲ | ▶ |
| | आलु | ४२.० | ४०.० | ७६.५ | ६८.० | ▲ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | ३०.७ | -१.७ | ९.५ | ९.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २७.० | -१०.० | -५.८ | -१०.० | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | १४१.७ | -१.२ | १.२ | १९.१ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २५०.० | -३४.२ | ०.० | १३.६ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १७५.० | ०.० | २०.७ | ३४.६ | ▶ | ▲ | ▲ |
| | मास | ९०.० | ०.० | ३.८ | -६.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ७७.७ | ८.४ | ५.९ | ३.६ | ▲ | ▶ | ▶ |
| | आलु | २५.३ | ०.० | ८०.९ | ५८.३ | ▶ | ▲ | ▲ |
| विरगंज | मोटा चामल | ३४.० | -२.९ | ६.३ | -५.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २८.० | ३.७ | -१७.६ | ३.७ | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ८.७ | २८.२ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ८.३ | ८.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | १२.५ | १६.१ | ३८.५ | ▲ | ▲ | ▲ |
| | मास | ९२.० | -२.१ | -७.१ | -२.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९२.० | १७.९ | २२.७ | १७.९ | ▲ | ▲ | ▲ |
| | आलु | २८.० | ७.७ | ४०.० | ४०.० | ▲ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | २८.० | ७.७ | ०.० | -६.७ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | २८.० | -४.५ | -१२.८ | १६.७ | ▶ | ▼ | ▲ |
| | भटमासको तेल | १४०.० | -१७.६ | ५.० | २१.७ | ▼ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ०.० | १२.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ६.९ | ३३.३ | ▶ | ▶ | ▲ |
| | मास | ८१.७ | ०.० | ८.९ | -६.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ७५.० | -६.३ | ०.० | ७.१ | ▼ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ५०.० | ५०.० | ▶ | ▲ | ▲ |
| धनगढी | मोटा चामल | २८.० | ३.७ | १२.० | -२६.३ | ▶ | ▲ | ▼ |
| | गहुँको पिठो | २७.० | ०.० | २२.७ | -१२.९ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १२०.० | -३.२ | ३३.३ | २०.० | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | २५०.० | ०.० | १३.६ | ४.२ | ▶ | ▲ | ▶ |
| | तोरीको तेल | १७०.० | १.२ | १३.३ | ३३.९ | ▶ | ▲ | ▲ |
| | मास | १२५.० | -३.८ | १९.० | -१०.७ | ▶ | ▲ | ▶ |
| | मुसुरो | ८०.० | ०.० | -२३.१ | -२०.० | ▶ | ▼ | ▼ |
| | आलु | ४०.० | ०.० | २०७.७ | ३३.३ | ▶ | ▲ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २८.० | १६.७ | १२.० | -६.७ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ३२.० | ६०.० | ४५.५ | १८.५ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १४०.० | ४७.४ | ५५.६ | ५५.६ | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | २८०.० | १६.७ | २७.३ | ७.७ | ▲ | ▲ | ▶ |
| | तोरीको तेल | १८०.० | २०.० | २०.० | २०.० | ▲ | ▲ | ▲ |
| | मास | ८१.७ | -१४.० | -२२.२ | -३३.१ | ▼ | ▼ | ▼ |
| | मुसुरो | ७५.० | -२५.७ | -२७.९ | -३६.४ | ▼ | ▼ | ▼ |
| | आलु | ३०.० | ३६.४ | ११४.३ | १००.० | ▲ | ▲ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३१.० | ०.० | १४.८ | -११.४ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ३५.० | -२.८ | -५.४ | ९.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | ०.० | ०.० | २०.८ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ०.० | २१.७ | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | -३.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ४.८ | ३७.५ | ३९.२ | ▶ | ▲ | ▲ |
| | आलु | ३५.० | ०.० | १६.७ | ५९.१ | ▶ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | २८.० | -१५.२ | -१५.२ | -२६.३ | ▼ | ▼ | ▼ |
| | गहुँको पिठो | २८.० | -३०.० | -२०.० | -५६.९ | ▼ | ▼ | ▼ |
| | भटमासको तेल | १२०.० | -२०.० | -१४.३ | -७.७ | ▼ | ▼ | ▶ |
| | कुखुराको मासु | २५०.० | -१०.७ | -७.४ | -१०.७ | ▼ | ▶ | ▶ |
| | मास | १२५.० | -३.८ | ४.२ | ४.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८०.० | -३८.५ | -१५.८ | -३८.५ | ▼ | ▼ | ▼ |
| | आलु | ४०.० | ३३.३ | ६०.० | ०.० | ▲ | ▲ | ▶ |
| सांफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | १४.३ | १४.३ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | ३५०.० | ०.० | २५.० | ४०.० | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | १८०.० | ०.० | १२.५ | २८.६ | ▶ | ▲ | ▲ |
| | मास | १३०.० | ०.० | ८.३ | ८.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | -१०.० | ५०.० | ५०.० | ▼ | ▲ | ▲ |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १८०.० | ५.९ | ५.९ | २८.६ | ▲ | ▶ | ▲ |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | -३३.३ | ०.० | ०.० | ▼ | ▶ | ▶ |
| बाजुरा | मोटा चामल | ४५.० | २८.६ | ५५.२ | १८.४ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ४०.० | ११.१ | २९.० | ११.१ | ▲ | ▲ | ▶ |
| | सीमी | १२०.० | २०.० | २०.० | ०.० | ▲ | ▲ | ▶ |
| | मास | १२०.० | ९.१ | २०.० | ४.३ | ▲ | ▲ | ▶ |
| | मुसुरो | १२०.० | ९.१ | २०.० | ४.३ | ▲ | ▲ | ▶ |
| | आलु | २५.० | ०.० | -१६.७ | ०.० | ▶ | ▼ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २३०.० | ४.५ | -४.२ | - | ▶ | ▶ | - |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | ११०.० | १०.० | १०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मास | २१०.० | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ७०.० | ७५.० | १३३.३ | ७५.० | ▲ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १००.० | ११.१ | ११.१ | ५.३ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | १४०.० | ७.७ | ७.७ | २७.३ | ▲ | ▶ | ▲ |
| | भटमासको तेल | २१०.० | ५.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | सीमी | २३०.० | १३०.० | १५.० | ५३.३ | ▲ | ▲ | ▲ |
| | मास | २१०.० | ५.० | ५.० | २३.५ | ▶ | ▶ | ▲ |
| | मुसुरो | २१०.० | ५.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ४२.९ | २५.० | ▶ | ▲ | ▲ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिन्छ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ। थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन।